

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्यधिक समस्या भएमा तुरुन्त नजीकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



❖ वर्ष ३४ ❖ २०७८ वैशाख २७ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 May 10 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २५१


## महानगरको निश्शुल्क स्वाब सङ्कलन फेरि प्रभावित

प्रस, वीरगंज, २६ वैशाख/

वीरगंज महानगरपालिकाले सञ्चालन गरेको निश्शुल्क स्वाब सङ्कलन कार्य पुनः प्रभावित भएको छ । शुक्रवारदेखि सञ्चालनमा ल्याएको निश्शुल्क स्वाब सङ्कलन तेस्रो दिन प्रभावित भएको छ ।

तीन दिनको अवधिमा महानगरपालिकाले वारुणायन्त्र परिसरबाट २१४ जनाको स्वाब सङ्कलन गरेको थियो । नारायणी अस्पतालको पिसिआर ल्याबमा सो स्वाब परीक्षणका लागि पठाइए पनि जनशक्ति अभावमा अहिलेसम्म परीक्षण भएको छैन । अस्पतालको पिसिआर प्रयोगशालाका प्रमुख डा प्रकाश पाण्डेले महानगरपालिकाले समन्वय नगरेर स्वाब सङ्कलन गरेको प्रतिक्रिया दिए । उनले जनशक्तिको अभावमा अस्पतालमा सङ्कलित स्वाब समयमा परीक्षण हुन नसकेको अवस्थामा महानगरपालिकाबाट प्राप्त स्वाबबाट थप समस्या सृजना भएको बताए । उनले प्रयोगशालामा हाल पिसिआर सञ्चालनतर्फ चारजना मात्र



तस्वीरः फाइल

जनशक्ति रहेको र उनीहरू बिहान १० बजेदेखि बेलुकी ८ बजेसम्म खट्दै आएको बताए । डा पाण्डेयले महानगरपालिकाले एन्टिजेन प्रयोग गर्नुपर्ने सुझाव दिए ।

वीरगंज महानगरपालिकाका नगरप्रमुख विजयकुमार सरावगीले भने कोभिड सङ्कट व्यवस्थापन केन्द्रको निर्णयबाट स्वाब सङ्कलन गरिएको र परीक्षण नभए सो कार्य स्थगित गर्ने चेतावनी दिए ।

यसैबीच, कोभिड सङ्कट व्यवस्थापन केन्द्र पर्साको आइतवार बसेको बैठकले महानगरपालिकालाई स्वाब सङ्कलन गर्न अघोषितरूपमा रोक लगाएको छ । केन्द्रले महानगरलाई एन्टिजेन प्रयोग गर्न निर्देशन दिँदै एन्टिजेन प्रयोगमा नेगेटिभ देखिएका तर सङ्क्रमितको लक्षण देखिने शङ्कास्पदहरूको मात्र पिसिआर परीक्षण गर्न सुझाव दिएको छ । हालसम्म स्वाब सङ्कलन गर्दै आएको महानगरलाई केन्द्रले एन्टिजेन प्रयोग गर्न भनेको छ ।

वीरगंज महानगरपालिकाले यसअघि पहिलो कोरोनाकालमा एक घर एक परीक्षणको नीति अघि सारेको थियो । त्यतिखेर पनि महानगरको सो अभियान सार्थक हुन पाएन र बीचमा स्थगित गर्नुपर्‍यो । अहिले पनि स्वाब सङ्कलन शुरू गरेको तीन दिनमैं अभियान अघोषित रूपमा रोकिएको छ ।

यसैबीच नारायणी अस्पतालमा आएको रेम्डिशिभिर प्रयोगको लागि डा नीरज सिंहको संयोजकत्वमा चार सदस्यीय समिति गठन गरिएको छ । चिकित्सकको सिफारिशमा रेम्डिशिभिर औषधि आवश्यकता र प्राथमिकता अनुसार सङ्क्रमितमा प्रयोग गर्न सिफारिश समिति निर्माण गरिएको हो । समितिका सदस्यहरूमा जिल्ला प्रशासन कार्यालय पर्साका प्रशासकीय अधिकृत विनयकुमार श्रीवास्तव, जिल्ला स्वास्थ्य कार्यालय पर्साका स्वास्थ्य अधिकृत जयमोद ठाकुर, वीरगंज मनपाका अधिकृत सुनील कर्ण छन् ।

## ९६ जना सङ्क्रमित, एकजनाको मृत्यु

प्रस, वीरगंज, २६ वैशाख/

नारायणी अस्पतालको प्रयोगशालाले



तस्वीरः फाइल

शनिवार राति ९६ जना सङ्क्रमित पुष्टि गरेको छ ।

१९० जनाको पिसिआर र ७४ जनाको एन्टिजेन परीक्षण गर्दा ८५ जना सङ्क्रमित पुष्टि भएका हुन् । पिसिआरबाट ७० जना र एन्टिजेनबाट २६ जना सङ्क्रमित पुष्टि भएको अस्पतालका कोरोना संयोजक डा सरोजरोशन दासले बताए । सङ्क्रमितहरूमध्ये पर्सा जिल्लाका ७५, बाराका १३, रौतहटका ७ र सर्लाहीका १ जना छन् । सङ्क्रमितहरूको उमेर ११ देखि ७५ वर्ष रहेको र उनीहरूमा १४.९ देखि ३५.९ सम्म सिटी भ्यालु रहेको डा दासले बताए ।

यसैबीच अस्पतालका प्रवक्ता डा दासले चौबीस घण्टामा १४ जना सङ्क्रमित भर्ना भएका र ६ जनाको मृत्यु भएको बताएका छन् । हाल नारायणी अस्पतालमा १२५ जना सक्रिय सङ्क्रमित रहेका र उनीहरूमध्ये ३८ जना महिला, ८७ जना पुरुष छन् । यसैगरी आइसियुमा २० जना महिला, ५५ जना पुरुष गरी ७५ जना रहेको, एचडियुमा १५ जना महिला, ३५ जना पुरुष रहेको र भेन्टिलेटरमा १० जना रहेको जानकारी गराएका छन् ।

आइतवार बिहान एकजना महिला सङ्क्रमितको मृत्यु भएको छ । वीरगंज–३ छपकैया निवासी ७२ वर्षीया महिलाको आइतवार बिहान सवा १२ बजे निधन भएको बताइएको छ । उनी सङ्क्रमित भएर वैशाख २२ गते अस्पताल भर्ना भएकी थिइन् ।

## प्रदेश २ मा ५६ थुनुवा, १९ प्रहरी सङ्क्रमित

प्रस, जनकपुरधाम, २६ वैशाख/

कोभिडको दोस्रो लहरमा हालसम्म प्रदेश २ मा १९ जना प्रहरी र ५६ जना थुनुवा सङ्क्रमित भएका छन् ।

२ नं प्रदेश प्रहरी कार्यालय जनकपुरधामका अनुसार प्रदेशका ८ जिल्लामध्ये महोत्तरीबाहेक ७ वटै जिल्लाका प्रहरीमा कोरोना सङ्क्रमित पाइएको छ । प्रदेश प्रहरी प्रमुख एवं डिआइजी धीरजप्रताप सिंहका अनुसार बारा जिल्लामा ६ जना प्रहरी, पर्सामा ५, सर्लाहीमा ३, सिराहामा २, सप्तरी, धनुषा र रौतहटमा एक/एक जना प्रहरी सङ्क्रमित भएको उनले बताए ।

सङ्क्रमित प्रहरीमध्ये पर्साका एकजनाको आक्सिजनको सपोर्टमा उपचार भइरहेको जनाइएको छ भने बाँकीको अवस्था सामान्य रहेको उनले बताए । उनीहरूको उपचार सम्बन्धित कार्यालयकै आइसोलेशनमा भइरहेको डिआइजी सिंहले बताए ।

यसैगरी, प्रदेश २ मा रहेका विभिन्न प्रहरी हिरासतमा रहेका ५६ जना थुनुवा कोरोना सङ्क्रमित भएका छन् । सबैभन्दा बढी पर्सा प्रहरी हिरासतमा रहेका ३९ जना, रौतहटमा १०, धनुषामा ५ तथा महोत्तरी र सर्लाहीको प्रहरी हिरासतमा १/१ जना थुनुवा सङ्क्रमित भएको डिआइजी सिंहले बताए ।

## छोटकरी

### साताको तीन दिन मात्र इन्धन वितरण

प्रस, जीतपुर, २६ वैशाख/

नेपाल आयल निगम, प्रमुख इन्धन वितरण डिपो अमलेखगंजले साताको तीन दिन मात्रै इन्धन वितरण हुने जनाएको छ ।

वितरण डिपो अमलेखगंजले सूचना जारी गर्दै आइतवार, बुधवार र शुक्रवार मात्रै इन्धन वितरण हुने जनाएको छ ।

स्थानीय प्रशासनको आग्रहबमोजिम सातामा तीन दिन मात्रै पेट्रोलियम पदार्थ वितरण गर्ने निर्णय भएको निगमका प्रादेशिक कार्यालय प्रमुख इन्जिनीयर प्रदीपकुमार यादवले बताए । उनले स्थानीय पम्प तथा निगमका डिपोहरूलाई पनि सोही अनुसार इन्धन भर्ने व्यवस्था गर्न आग्रह गरेका छन् ।

### सप्तरीमा एकजना सङ्क्रमितको मृत्यु

प्रस, सप्तरी, २६ वैशाख/

कोरोना सङ्क्रमित एकजना पुरुषको गएराति विराटनगरस्थित नोवेल शिक्षण अस्पतालमा मृत्यु भएको छ । बोदे बरसाइन नगरपालिका–१० का ३५ वर्षीय पुरुष बिरामी भएपछि गत बुधवार अस्पताल भर्ना भएका थिए । उनको उपचारकै क्रममा गएराति मृत्यु भएको अस्पतालका प्रबन्धक नारायण दाहालले जानकारी दिए ।

## सङ्क्रमित थुनुवाहरूलाई छुट्टै व्यवस्था

प्रस, वीरगंज, २६ वैशाख/

जिल्ला प्रहरी कार्यालय, पर्साले जानकारी गराएका छन् ।

जिप्रका पर्सामा ७९ जना थुनुवा छन्



तस्वीरः फाइल

सङ्क्रमित थुनुवाहरूको लागि छुट्टै व्यवस्था मिलाएको छ ।

जिप्रका पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले सङ्क्रमित थुनुवाहरूको लागि विपद् व्यवस्थापन गुल्ममा छुट्टै व्यवस्थापन गरिएको बताए । उनीहरूलाई औषधि, भोजन निश्शुल्क व्यवस्था गरिएको र तीमध्ये तीनजना महिला छन् । थुनुवामध्ये १० जना दुई हप्ता पहिले सङ्क्रमित भएका थिए र उनीहरू अहिले सङ्क्रमणमुक्त भइसकेका छन् । पहिलो चरणको कोरोनामा जिल्ला प्रहरी कार्यालय, पर्साले थुनुवाहरू सङ्क्रमित भएपछि उनीहरूलाई रानीसति अतिथि सदन वीरगंजमा व्यवस्थापन गरेको थियो ।

## ४३ वटा अक्सिजन सिलिन्डर बरामद

प्रस, रौतहट, २६ वैशाख/

प्रहरीले रौतहटको विभिन्न स्थानबाट ४३ वटा अक्सिजन सिलिन्डर नियन्त्रणमा लिएको छ ।

गरुडा, गौर र चन्द्रपुरको सात स्थानबाट प्रहरीले शनिवार ४३ वटा सिलिन्डर नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय, रौतहटले जनाएको छ ।

७ किलो तौल भएको २८ वटा, १.५ किलो तौल भएको ३ वटा र खाली अक्सिजन ७ किलो तौल भएको १२ वटासमेत गरी ४३ वटा अक्सिजन सिलिन्डर नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।

## निषेधाज्ञाको मौका छोपी निर्माण सामग्रीको मूल्य बढाइयो

प्रमोद यादव, पचगावाँ, २६ वैशाख/

निषेधाज्ञाको कारण सिमेन्ट र छडको मूल्य वृद्धि भएको छ ।

पर्साको ग्रामीण क्षेत्रमा रहेका हार्डवेयर पसलेहरूले निषेधाज्ञाको मौका छोपी छड र सिमेन्टको मूल्यवृद्धि गरेका हुन् । निषेधाज्ञा अघि छड प्रतिक्विन्टल रु ८ आठ हजार थियो तर अहिले प्रति क्विन्टल रु १० हजार ५ सयमा बेचिरहेका छन् ।

यस्तै निषेधाज्ञा अघि ओपिसी सिमेन्ट रु ६८० प्रतिबोरा बिक्री भइरहेकोमा अहिले रु ७३० मा बिक्री गरिरहेको



स्थानीयले गुनासो गरेका छन् ।

निषेधाज्ञा अघि पिपिसी सिमेन्ट प्रतिबोरा रु ५५० मा बिक्री भइरहेकोमा अहिले रु ६ सयमा बिक्री भइरहेको एकजना उपभोक्ताले बताए ।

सरोकारवाला निकायले ग्रामीण क्षेत्रका पसलहरू अनुगमन नगर्दा हार्डवेयर पसलेहरूले छड, सिमेन्टको मूल्य बढाएका छन् जसले गर्दा पसलैपिच्छे मूल्य फरक हुने गरेको सखुवापरसौनी गापाका विनोद यादवले बताए ।

महुवन, रङ्गपुरटाँडी, श्रीपुर पचगावाँलगायत स्थानमा छड, सिमेन्ट बिक्री हुने गरेको छ ।

## तीनजनाको मृत्यु भएपछि पर्सागढी नपामा सन्त्रास



सुनसान पर्सागढी नगरपालिका । तस्वीरः नरेश यादव

प्रस, पर्सागढी, २६ वैशाख/

जिल्ला प्रशासन कार्यालय, पर्साले वैशाख १६ गतेदेखि निषेधाज्ञा जारी गरे पनि त्यसको असर पर्सागढी नगरपालिकामा परेको थिएन ।

बजार खुला हुन्थ्यो, भीडभाड हुने गरी क्रियाकलापहरू भइरहेका थिए । तर शनिवार एकै दिन दुईजनाको र त्यसअघि एकजनाको गरी तीनजना सङ्क्रमितको मृत्यु भएपछि आइतवारदेखि यहाँ सन्त्रास फैलिएको छ । बजारका पसलहरू बन्द भएका छन् । सडकमा हिंड्डुल छैन । भीडभाड हुने गरी कुनै पनि गतिविधि हुन छाडेको छ ।

## विचारसार र सूक्तिहरू

**सन्तोष र आत्मतृप्तिको प्राप्तिविना के तृष्णा र कामनाको दावानल कुनै प्रकारले निभ्न सक्छ ?**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
online: eprateekdaily.com


# सबै मापदण्ड तोड्दै कोरोना

**कोरोनाको पहिलो लहर चल्दा यसको रोकथाम, प्रसार र प्रभावकारिताबारे जति मापदण्ड बनाइएका थिए, दोस्रो लहरले ती सबै ध्वस्त पारिदिएको छ। हिजो कम उमेरका (बालकहरूबाहेक) बूढा, दीर्घरोगीहरूलाई कोरोनाले प्रभावित पार्ने, युवा र किशोरहरू यसको चपेटबाट, शरीरमा प्रतिरोधक क्षमता विद्यमान रहेकोले सुरक्षित रहने भनिएको थियो। मृत्युदर ४ प्रतिशतमा सीमित राखिएको थियो। हिजो कोरोना सङ्क्रमणको दर मानिसबाट मानिससम्म हुने भनिएको थियो। कोरोनाका जुन लक्षणहरू बताइएको थियो, आज कोरोना सम्बन्धमा यी कुनै कुरा लागू भइरहेको छैन। सबै उमेरका मानिस कोभिड सङ्क्रमित भइरहेका छन्, मृत्युदरले १० प्रतिशत नाघिसकेको छ। आज घरघरमा कोरोना सङ्क्रमित देखिन थालेका छन्। आज रूघाखोकी नलागेको, ज्वरो नआएको मानिस पनि कोरोना सङ्क्रमित भइरहेको छ। देशले अनुदान नै पाएर भएपनि अति जोखिममा रहेका वृद्ध तथा दीर्घरोगीहरूका लागि कम्तिमा एक चरणको खोप उपलब्ध गराएको छ। यसले केही भरथेग गरेको हुनुपर्छ, यद्यपि खोप लगाएका चिकित्सकहरू नै पुनः सङ्क्रमित भएको खबर पनि नआएको होइन।**

**साँच्ची भन्ने हो भने अहिले कोरोनाको उपचार त सम्भव नै देखिएको छैन, सङ्क्रमण हुन नदिनु नै एक मात्र उपाय देखिएको छ। जसका लागि सरकारले लकडाउनभन्दा माथि गएर निषेधाज्ञा नै जारी गरेको छ। शुरूमा आठ जिल्लामा लागू भएको निषेधाज्ञा आज देशका साठीभन्दा बढी जिल्लामा लागू भइसकेको छ। हिजो लकडाउनबाट शुरू भएको प्रतिरोधात्मक उपाय आज पहिलो झम्टामैं निषेधाज्ञाबाट शुरू भएको छ। विडम्बना के छ भने अहिले अस्पतालहरूले कुनै पनि रोगीलाई भर्ना गर्न मानिरहेका छैनन्, जो भर्ना भएका छन्, तिनका लागि जानिएको औषधि रेम्डेशिभिर उपलब्ध छैन। साढे तीन हजार भारु पर्ने यो औषधि मानिस हेरेर कालाबजारियाहरूले बीस, तीस, चालीस र पचासम्म पनि बेचिरहेका छन्। वीरगंजलाई हिजो पनि कोरोनाको इपी सेन्टर भनियो र आज पनि त्यस्तै अवस्था छ, जहाँका अस्पतालका निर्धारित बेडहरू भरिसकेका छन्, हिजो भर्खर रेम्डेशिभिर आएको समाचार प्राप्त भएको छ, त्यो पनि जम्मा १५० थान। रोगी हेरी यो इन्जेक्शन दुईदेखि छवटासम्म लगाउनुपर्ने हुन्छ। र वीरगंजमा दैनिक परीक्षणपिच्छे सय नाघेको सङ्ख्यामा सङ्क्रमित बढिरहेका छन्।**

**यो भयावह अवस्था हो, त्योभन्दा पनि कारुणिक अवस्था हो। भयावहतालाई त कम पार्न सकिन्न, किनकि महामारीको भय शारीरिक मात्र होइन, मानसिक पनि हुन्छ। तर अवस्था कारुणिक बन्नु निश्चय नै दुःखदायी हो। कारुणिक यस मानेमा कि रोगीलाई भर्ना नै नलिनु, औषधिको कालाबजारी हुनु, प्रशासन निस्सहाय देखिनु अहिले नियति बनेको छ। यद्यपि नागरिकले संयम धारण गरेको छ, प्रशासन आफ्नो तवरमा सतर्क र सजग छ, तर प्रशासनको मियो सरकार नै अस्थिर छ। सरकारलाई कोरोनाभन्दा जटिल रोगको सङ्क्रमण भएको छ। त्यसबाट पार नपाउन्जेल महामारीबारे गम्भीरतापूर्वक कुनै योजना बन्नेछैन, औषधि उपलब्धताका लागि कागजी र मौखिकबाहेक ठोस प्रयास हुनेछैन। कोरोनाले सबै भौतिक गतिविधि ठप्प पारेको त छ नै, सरकारको अश्चितताले मनलाई एनिस्थिया लिएको रोगीको अवस्थामा पुर्‍याइदिएको छ।**

# मूल्यवृद्धि – देशको लागि गम्भीर सङ्कट

शिक्षा नेपाल




अनन्तकुमार लाल दास
anantlaldas@gmail.com


**यदि देशमा अन्न उत्पादनमा वृद्धि भएन, जनता जागरुक भएन वा शासनको भ्रष्टाचारमाथि कठोर नियन्त्रण भएन भने मूल्यवृद्धि रोक्न सकिन्न। परिणामस्वरूप गरीब जनताले साग–रोटी पाउँदैन र यदि यसो भयो भने त्यस देशको भविष्य के हुन्छ भन्न सकिन्न।**

कोरोना महामारीको पहिलो र दोस्रो लहरले प्रायः हरेक विकासशील राष्ट्रको अर्थतन्त्र चौपट बनाएको छ। दैनिक जीवनमा चाहिने सामग्रीको भाउ दिनप्रतिदिन बढ्दै गइरहेको छ। स्थानीय सरकार गफ दिनमा व्यस्त छ। राजनीतिक दलहरू कमीशनको खेलमैं रमेका छन्। यस विषम परिस्थितिलाई पनि केही मानिसले कमाउने थलो बनाएका छन्। मूल्यवृद्धि नियन्त्रण गर्ने निकाय सक्रिय नहुँदा आम मानिसको जीवन कष्टकर बन्दै गएको छ। सामाजिक सञ्जालहरूमा संवेदना व्यक्त गर्नेहरूको ताँती लागेको छ। युवावर्ग जसले यसबारे आवाज उठाउने हो, उनीहरू पनि घरमा कैद छन्। के ठूला, के साना सबैखाले पसलेहरू मूल्यवृद्धिलाई सघाइरहेका छन्। यसरी कोरोना कालमा पनि 'तैं चुप मैं चुप'को संस्कृति मौलाएको छ।

सरसर्ती विश्लेषण गर्दा प्रत्येक स्थिति र अवस्थाको दुईवटा पक्ष देखापर्छ। पहिलो आन्तरिक अवस्था र दोस्रो बाहिरी। बाहिरी अवस्थालाई मानिसले कृत्रिमताबाट सुधार गर्न सक्छ तर आन्तरिक अवस्था बिग्रेपछि मानिसको सर्वनाश नै हुन्छ। बाहिरी शत्रुलाई मानिसले उपेक्षा पनि गर्न सक्छ तर आन्तरिक शत्रुलाई वशमा गर्न धेरै कठिन हुन्छ। यही नियम कोरोनाकालमा हाम्रो देशको आर्थिक स्थितिमा पनि लागू हुन्छ। हाम्रो देशको बाहिरी स्थिति जति सुदृढ वा विदेशमा गएर हामीले जति सम्मान प्राप्त गरे तापनि वा हाम्रो विदेश नीति जति सफल भए तापनि वा हाम्रो सीमा सुरक्षा जति सबल भए तापनि, यदि हाम्रो आन्तरिक स्थिति बलियो छैन भने एक दिन अवश्य नै हाम्रो देशको पतन हुनेछ।

देशको आन्तरिक स्थिति धनधान्य र अनाजमाथि निर्भर रहेको छ। आज हाम्रो देशको प्रमुख समस्या हरेक दिन सुरसा जस्तै बढिरहेको दैनिक उपभोगका वस्तुहरूको मूल्यवृद्धि रहेको छ। यसबाट सम्पूर्ण देशको जीवन अस्तव्यस्त भइसकेको छ। मानिसलाई चाहिने खाद्य पदार्थ, तेल, ग्याँसजस्ता दैनिक उपभोग्य वस्तुहरूको मूल्य दिनानुदिन वृद्धि भइरहेको छ। यसले गर्दा मानिसलाई आफ्नो जीवन निर्वाह गर्न बडो गाह्रो भइरहेको अवस्था छ। आज रुपियाँको कुनै मूल्य छैन। सामानहरूको भाउ कैयौं गुणा बढिसकेको छ। गरीब र मध्यम वर्गका मानिसलाई जीवन धान्न गाह्रो भइसकेको छ। अभाव र असन्तुष्टि समाजमा दिन प्रतिदिन बढ्दै गइरहेको छ।

अर्थशास्त्रीहरूका अनुसार जब उत्पादन बढ्छ, वस्तुको मूल्य घट्छ। सरकारी तथ्याङ्कले हाम्रो उत्पादनमा वृद्धि भएको देखाउँछ तर सामानको भाउ चाहिं बढिरहेको छ। यो आश्चर्यजनक कुरो हो। आज मानिसले घर बनाउनका लागि सिमेन्ट किन्न जाँदा धेरैपटक सोच्नुपर्ने हुन्छ। जीवनको लागि चाहिने अन्य वस्तुहरूको मूल्यमा पनि आशाभन्दा बढी वृद्धि भएको छ। अर्थशास्त्रका विद्वान्हरूका अनुसार खाद्यान्न उत्पादनमा ४० प्रतिशतले वृद्धि भएको छ। जमीनको भाउ पनि वृद्धि भएको छ। सुनको भाउले त आकाश नै छुन थालेको छ। प्याजको त कुरै नगरौं, माछामासुको मूल्यसमेत बढेको छ। हाम्रो देश जलस्रोतमा धनी भए तापनि हामीलाई सबैभन्दा महँगो मूल्यमा बिजुली प्राप्त भइरहेको छ र त्यो पनि अनियमित हुन थालेको छ। भन्न के खोजिएको हो भने कुनै पनि वस्तु यस्तो छैन जसको मूल्यवृद्धि भएको छैन।

यहाँनिर के प्रश्न उठ्छ भने यस अव्यवस्थाको कारण के हो ? के हाम्रो देशमा मूल्यमाथि नियन्त्रण गर्ने कोही छैन र ? के यहाँका मानिसहरू नाविक नभएको डुङ्गामा सवार छन् ? गहिरिएर हेर्ने हो भने आज हाम्रो समाजको अवस्था यस्तै देखिन्छ। हरेकले आआफ्नो मनपरीतन्त्र चलाउन थालेका छन्। सबैले आफूलाई जे गर्न पनि स्वतन्त्र ठान्छन्। तर कुरो यस्तो हैन।

दीर्घकालीन शोषणपछि हामीलाई लोकतन्त्र प्राप्त भएको छ। वास्तवमा भन्ने हो भने हाम्रो देशको आर्थिक अवस्था दिनानुदिन जटिल बन्दै गएको छ। नयाँ योजना तर्जुमा गरी देशलाई राम्ररी डोऱ्याउन समय लाग्छ। केही यस्ता मानिस पनि छन् जो कोरोनाकालीन अवस्थाबाट फाइदा लिन खोजिरहेका छन्। सरकार वा अन्य राजनीतिक दलहरू पनि आफ्नै कुर्सी जोगाउन कसरत गरिरहेका छन्। यस कारण निहित स्वार्थी र मुनाफाखोरहरूले कोरोनाकालीन अवस्थाको आडमा आफूखुशी वस्तुको मूल्य निर्धारण गरेर बेचिरहेका छन्। यसरी एउटा विशेष वर्गले समाजलाई मूल्यवृद्धिको अखडा बनाइराखेको छ। त्यस वर्गले सामाजिक जीवनसहित राष्ट्रिय जीवनलाई पनि दूषित बनाएको छ। देशमा भइरहेको नैतिक पतनले गर्दा नै आज मूल्यवृद्धि एउटा भयावह समस्याको रूपमा देखा परिहेको छ। मुनाफाबाहेक आज एक आपसमा न कुनै प्रकारको सम्बन्ध छ, न रिश्तेदारी।

कुनै पनि देशको आम्दनीको प्रमुख साधन त्यहाँको व्यापार र उद्योग हो। हाम्रो देशमा उद्योग र व्यापारमा वृद्धि हुनुको साटो दिन प्रतिदिन ह्रास भइरहेको छ। आन्तरिक व्यापार धराशायी र वैदेशिक व्यापारमा वृद्धि भइरहेको छ। विदेशबाट सामानको आयातमा वृद्धि भएपछि मूल्यवृद्धि हुनु स्वाभाविक नै हो। कोरोनाकालको यस विषम परिस्थितिको नाउँमा सरकारी कोष खाली भइरहेको अवस्था छ। सरकारलाई यो धन जनताबाट नै प्राप्त हुन्छ। आज जनतामा असन्तोष व्याप्त छ। देशको एक कुनाबाट अर्को कुनासम्म मानिस मूल्यवृद्धिबाट परेशान छन्। विपक्षी दलहरू पनि यसबारे मौन छन्। परिणामस्वरूप मूल्यवृद्धि भइरहेको छ।

वर्तमान मूल्यवृद्धि रोक्ने एउटै उपाय छ, जनताको नैतिक उत्थान हुनुपर्छ। उनीहरूलाई यस्तो नैतिक शिक्षा दिनुपर्छ जसको प्रभाव उनीहरूको हृदयमा परोस्। चरित्र र सोच परिवर्तनविना यस समस्याको कुनै निकास छैन। आआफ्नो स्वार्थ साधन नै आज प्रत्येक नेपालीको जीवन लक्ष्य बनेको छ। आम जनतालाई न राष्ट्रिय भावनाको ध्यान छ, न देशहितकै। यस कारण उनीहरूमा देशहितको भावना जगाउने खालको उच्च कोटिको नैतिक शिक्षाको खाँचो छ। मूल्यवृद्धि न्यून गर्ने अर्को उपाय हो, सरकारको कठोर नियन्त्रण। जसले मूल्यवृद्धि गर्छ वा जो अधिकारी यसतर्फ ध्यान दिंदैनन् उनीहरूलाई तत्काल जागीरबाट निष्काशित गर्नुपर्छ वा कठोर दण्ड दिनुपर्छ।

मूल्यवृद्धिको सम्बन्धमा जनसङ्ख्या वृद्धि पनि एउटा महत्त्वपूर्ण कारण हो। यस कारण मूल्यवृद्धि रोक्न जनसङ्ख्या नियन्त्रणमा ध्यान दिनु पनि अति आवश्यक छ। यस कार्यमा जनताले पनि सरकारलाई मदत गर्नुपर्छ र स्वयंको आचरणमा पनि सुधार ल्याउनुपर्छ। वास्तविकता त के हो भने यदि सरकारले देशको स्थितिमा सुधार ल्यान चाहन्छ भने उसलाई पनि आफ्नो नीतिमा स्थिरता ल्याउनुपर्छ। अनि मात्र मूल्यवृद्धिमा केही हदसम्म नियन्त्रण गर्न सकिन्छ।

आज अनाचार र भ्रष्टाचार नेपाली जीवनको पर्याय बनेको छ। आर्थिक विषमता दिन प्रतिदिन बढिरहेको छ। भ्रष्टाचारमुक्त क्षेत्र पाउन गाह्रो भइसकेको छ। उचित र अनुचितको परिधि समेटिन पुगेको छ। यस कारण मूल्यमाथि नियन्त्रण गर्न गाह्रो भइरहेको छ। यदि यस्तै मूल्यवृद्धि भइरह्यो भने समाजमा अराजकता फैलन बेर लाग्दैन। यस कारण के आवश्यक छ भने हाम्रा नेताहरू निस्स्वार्थ र निष्पक्ष भएर प्रस्ट आर्थिक नीति निर्माण र त्यसलाई इमानदारीसाथ कार्यान्वयन गर्न कम्मर कस्नुपर्छ किनभने आयातलाई हतोत्साहित र निर्यातलाई प्रोत्साहित गर्न अति आवश्यक छ। युवा पलायन रोक्ने, स्वदेशमैं रोजगारको सम्भावना बढाउने र कृषि उत्पादनमा वृद्धि हुने खालको देश सुहाउँदो शिक्षा नीति ल्याउन आवश्यक छ। यी उपायको सफलतम कार्यान्वयनले मूल्यवृद्धि न्यून गर्न मदत मिल्न सक्छ।

हाम्रोजस्तो सोचले गरीब भएको देशमा जहाँ गरीबी दर मात्र कागजमा घटेको छ, सामाजिक–आर्थिक विषमता दिन प्रतिदिन बढ्दै गएको छ। मानिसले दुई छाक पोषिलो खाना नपाएर विदेशिन बाध्य छ, त्यहाँ मूल्यवृद्धिले झन् जटिलता थपेको छ। यसतर्फ ध्यान दिनु नितान्त आवश्यक छ। अन्यथा मानिसहरू कोरोनाभन्दा भोकले मर्नेछन्। कोरोनाजस्तो मानव निर्मित महामारीबाट देशलाई जोगाउन तीनवटै तहको सरकारी प्रयत्न गतिशील हुनुपर्छ। यदि देशमा अन्न उत्पादनमा वृद्धि भएन, जनता जागरुक भएन वा शासनको भ्रष्टाचारमाथि कठोर नियन्त्रण भएन भने मूल्यवृद्धि रोक्न सकिन्न। परिणामस्वरूप गरीब जनताले साग–रोटी पाउँदैन र यदि यसो भयो भने त्यस देशको भविष्य के हुन्छ भन्न सकिन्न।

# अझै फेला परेन फरार ट्याक्टर चालक

सर्लाही, २६ वैशाख/रासस

गत कात्तिक १० गते राति करीब ८:३० बजे नवलपर–मलङ्गवा सडकखण्डमा नवलपुर चोकभन्दा करीब ७०० मिटर दक्षिण एउटा नम्बर नखुलेको ट्याक्टरले मोटरसाइकललाई ठक्कर दियो। लालबन्दी नगरपालिका–२ स्थित नवलपुर चोकभन्दा करीब ७०० मिटर दक्षिण नवलपर–मलङ्गवा सडकखण्डमा नम्बर नखुलेको ट्याक्टरले मोटरसाइकललाई ठक्कर दिएर उक्त फरार भयो।

मोटरसाइकलमा सवार लालबन्दी–२ बस्ने अन्दाजी १८ वर्षीय अङ्कुश पासवानको मृत्यु भयो। घटनापश्चात् इलाका प्रहरी कार्यालय लालबन्दीबाट खटेको प्रहरी टोलीले दुर्घटना गराउने ट्याक्टरको खोजतलाश शुरू गऱ्यो। खोजतलाश गर्दै जाँदा प्रहरीले दुर्घटनामा संलग्न नै नभएको लालबन्दी–२ का नेपाली सेनाका अवकाश प्राप्त सुबेदार थीरबहादुर खड्काको रातो रङको ट्याक्टर उनको घरैबाट नियन्त्रणमा लियो।

मृतक पासवानको घरपरिवार समेतले मोटरसाइकललाई ठक्कर दिने ट्याक्टरको रङ नीलो भएको र नं नखुलेको बयान दिए पनि उक्त ट्याक्टरका चालक फरार भएकाले दुर्घटनामा संलग्न नै नभएको रातो रङको ट्याक्टरका धनी खड्कालाई नियन्त्रणमा लिएर प्रहरीले बहादुरी देखायो। खड्काको ट्याक्टरले दुर्घटना नगराएको भए पनि खड्कालाई गत माघ १५ देखि फागुन ७ गतेसम्म प्रहरीले सिन्धुली कारागारमा राख्यो।

गत फागुन ७ गते रु डेढ लाख धरौटी बुझाएर जेलमुक्त भएका खड्का फरार ट्याक्टर चालकको खोजी गरी सजाय दिन र अहिले पनि निर्दोष हुँदाहुँदै कारागारमा बसेर कैदीजीवन बिताइरहेका आफ्ना निर्दोष चालक लालबन्दी–२ का फेकन रामको रिहाइ र प्रहरीले नियन्त्रणमा लिएर राखेको ट्याक्टर र ट्याक्टरमा लाग्ने अन्य कृषि यन्त्र छुटाइदिन हारगुहार गरिरहेका छन्। आफ्नो ट्याक्टरले दुर्घटना नगराएको भन्ने सम्पूर्ण प्रमाणसमेत प्रहरीलाई बुझाइसकेको भए पनि हालसम्म यस विषयमा प्रहरी प्रशासनले कुनै चासो नलिएको र यो विषय आफ्नो निकायबाट अदालतमा गइसकेकोले अदालतमैं जान भन्दै आएको पीडित ट्याक्टर धनी खड्काले बताए।

अरूले नै गरेको अपराधको सजाय भोगेर थुनामुक्त भएपछि अदालतीय प्रक्रियामार्फत भए पनि वास्तविकता बाहिर ल्याउने पक्षमा रहेको उनले बताए। एक निर्दोष व्यक्ति अहिले न्यायका लागि प्रहरी प्रशासन तथा न्यायालयको आश्रय खोजी रहेको छ भने दुर्घटना गराउने ट्याक्टर कुन हो र कहाँ छ भन्ने विषयमा प्रहरीले थप खोजी कार्य गरेको छैन। प्रहरीले तयार पारेको घटना प्रकृति मुचुल्का, माथिल्लो निकायलाई पठाएको टिपोट, रेफर गरी पठाइएको जिल्ला प्रहरी कार्यालयबाट आएको परिपत्र सबैमा प्रहरीले केही केरमेट गर्नुले पनि दुर्घटनामा संलग्न सवारी साधन लुकाउने पक्षमा प्रहरी आफैं रहेको र सोही निर्दोष ट्याक्टरलाई कारबाईको भागिदार बनाउने पक्षमा रहेको देखिन्छ।

दुर्घटनामा संलग्न सवारी साधनका सहचालकले सबै विवरण बताउनु, उक्त सवारी साधनका चालक सोही दिनदेखि फरार हुनु, पीडितले खड्कासँग क्षतिपूर्ति माग नगर्नु, प्रहरीले घटना प्रकृति मुचुल्का, माथिल्लो निकायबाट आएको पत्रलगायत कागजातमा केरमेट गरिएको बताइएको छ। यसले प्रहरी र दुर्घटनामा संलग्न सवारी साधनका साहु विनयबीच मिलेमतो रहेको आशङ्का पीडित पक्षले समेत गर्न थालेका छन् भने दुर्घटनामा संलग्न सवारी साधन त्यहीं रहेको प्रहरीको भनाइ छ।

## निषेधाज्ञाभित्र सङ्क्रमण तीव्र

महोत्तरी, २६ वैशाख/रासस

कोभिड–१९ को सन्त्रास छल्न जारी निषेधाज्ञा अवधिभित्रै महोत्तरीमा सङ्क्रमण तीव्ररूपले बढेको छ। यसपालि नयाँ वर्ष २०७८ प्रारम्भ भएयता वैशाख १० गतेदेखि जिल्लामा दोहोरिएर देखिएको सङ्क्रमण जिल्लामा निषेधाज्ञा जारी

(बाँकी तेस्रो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## भारतमा लगातार चौथो दिन चार लाख कोभिड-१९ सङ्क्रमित

नयाँ दिल्ली, २६ वैशाख/एएनआई

भारतमा लगातार चौथो दिन कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या चार लाखभन्दा बढी पाइएको छ। केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा कोभिड-१९ बाट सङ्क्रमित चार लाख चार हजार भेटिएका छन्।

भारतमा हालसम्म कोरोना भाइरस सङ्क्रमितको कुल सङ्ख्या दुई करोड २२ लाख ९६ हजार पुगेको मन्त्रालयले जनाएको छ। कोरोना भाइरस सङ्क्रमितमध्ये हालसम्म एक करोड ८३ लाख १७ हजार सङ्क्रमणमुक्त भएका छन् भने पछिल्लो २४ घण्टामा तीन लाख ८६ हजार सङ्क्रमणमुक्त भएका छन्।



भारत नियन्त्रित काश्मीरमा एकजना कश्मीरी बालकको कोभिड-१९ परीक्षणका लागि स्वाब सङ्कलन गर्दै स्वास्थ्यकर्मी। फोटो : एपी

हाल भारतमा ३७ लाख ३६ हजार व्यक्ति सक्रिय सङ्क्रमित छन्।

मन्त्रालयका अनुसार भारतमा पछिल्लो २४ घण्टामा चार हजार ९२ जनाको सङ्क्रमणबाट मृत्यु भएको छ। यो सहित भारतमा हालसम्म २ लाख ४२ हजार ३६२ जनाको कोरोना भाइरसको सङ्क्रमणका कारण मृत्यु भएको छ।

भारतीय स्वास्थ्य अनुसन्धान परिषद्का अनुसार यही मे ८ सम्म कुल ३० करोड २२ लाख ७५ हजार नमूना परीक्षण गरिएको छ।

अस्तिसम्म भारतभर कोभिड-१९ विरुद्ध खोप १६ करोड ९४ लाख ३९ हजार डोज लगाइएको छ। गत जनवरी १६ देखि खोप दिन थालेको भारतमा हाल १८ वर्षभन्दा माथिका व्यक्तिलाई खोप लगाउने गरिएको छ। रासस

## काबुलमा बिस्फोट, विद्यार्थी समेत ५० जनाको मृत्यु

काबुल, २६ वैशाख/सिन्ह्वा

अफगानिस्तानको काबुलस्थित एउटा बालिका माध्यमिक विद्यालय बाहिर भएका तीनवटा विस्फोटमा परेर मृत्यु हुनेको सङ्ख्या ५० पुगेको प्रहरीले जनाएको छ।


काबुलमा भएको बम विस्फोटमा परेकाहरूको शव तलाश गर्दै उनका आफन्तजन। फोटो : सिन्ह्वा

प्रहरीका अनुसार शैयद उल सौहादा माध्यमिक विद्यालय बाहिर शनिवार अपराह्न ४ बजे भएको उक्त विस्फोटमा अरू १०० भन्दा बढी व्यक्ति घाइते भएका छन्।

काबुल प्रहरीका प्रवक्ता फिरदौस फरामर्जले एउटा विस्फोटको प्रारम्भिक अवस्था हेर्दा कार बम विस्फोटजस्तो देखिएको बताए। अन्य दुईवटा विस्फोटन भने बारुदी सुरुङबाट भएको प्रवक्ता फिरदौसले बताए।

विद्यार्थीहरू विद्यालय छुट्टी भएर आआफ्नो घरतिर जानै लाग्दा विस्फोट भएको छ। अधिकांश पीडित विद्यालयका केटाकेटी रहेको अनुमान गरिएको छ। बाटो हिंड्ने व्यक्तिहरूको पनि मृत्यु वा घाइते भएका प्रहरीको भनाइ छ।

अफगानिस्तानको सबैभन्दा ठूलो विद्रोही समूह तालिबानले भने उक्त घटनामा आफ्नो संलग्नता नरहेको जनाएको छ। यस घटनामा इस्लामिक स्टेटको संलग्नता रहेको तालिबानको आरोप छ।

अफगानिस्तानका राष्ट्रपति मोहम्मद अशरफ घानीले उक्त आक्रमणको निन्दा एवं भर्त्सना गरेका छन्। उनले घाइतेको सर्वोत्तम उपचारको प्रबन्ध मिलाउन स्वास्थ्य अधिकारीहरूलाई निर्देशन पनि दिएका छन्। रासस

## पाकिस्तानी राष्ट्रपतिद्वारा विद्युतीय मतदानको अनुमति

इस्लामाबाद, २६ वैशाख/सिन्ह्वा

पाकिस्तानका राष्ट्रपति आरिफ अल्भीले संसदीय निर्वाचनमा विद्युतीय मेशिन प्रयोगसम्बन्धी एउटा कानूनमा हस्ताक्षर गरेका छन्। साथै विदेशमा रहेका पाकिस्तानी नागरिले पनि देशको संसदीय चुनावमा मतदान गर्न पाउने विधेयकलाई मन्जुरी दिएको राष्ट्रपतिको कार्यालयले जनाएको छ।

राष्ट्रपति कार्यालयद्वारा जारी विज्ञप्तिमा पाकिस्तानी निर्वाचन आयोगलाई आमनिर्वाचनको प्रयोजनका निम्ति विद्युतीय मतदान मेशिन खरीद गर्न सक्ने अख्तियारी दिइएको उल्लेख छ।

निर्वाचनसम्बन्धी कानूनमा गरिएको संशोधन बमोजिम अबका दिनहरूमा पाकिस्तानमा हुने संसद्को निर्वाचन र उपचुनावमा विदेशमा रहेबसेका पाकिस्तानी नागरिकलाई मतदानको अधिकार हुनेछ।

संशोधित निर्वाचनसम्बन्धी कानूनमा भनिएको छ–"निर्वाचन आयोगले राष्ट्रिय तथ्याङ्क तथा दर्ता निकाय वा अन्य सरकारी निकायसँग प्राविधिक सहायता लिएर निर्वाचनका समयमा मतदानको व्यवस्था गर्न सक्नेछ।"

प्रधानमन्त्री इमरान खानको मन्त्रिपरिषद्ले मतदानको अधिकारसम्बन्धी अध्यादेश जारी गरेको हो। यस अघि पनि कानूनमा केही व्यवस्था गरेर मतदानको अधिकार, विद्युतीय मतदान मेशिन प्रयोग तथा बायोमेट्रिक परीक्षण मेशिनको प्रयोगलाई नमूनाका रूपमा उपनिर्वाचनमा प्रयोग गरिएको थियो।

राष्ट्रपतिको पछिल्लो आदेशसँगै आगामी सन् २०२३ मा हुने संसद्को निर्वाचनमा विद्युतीय मेशिनको प्रयोगका लागि बाटो खुलेको छ। रासस

## चिनियाँ रकेटका भग्नावशेष हिन्द महासागरमा खस्यो

बेइजिङ, २६ वैशाख/एएनआई

चीनको लङ मार्च ५ बी रकेटको भग्नावशेष आइतवार हिन्द महासागरमा खसेको चिनियाँ अन्तरिक्ष इन्जिनीयरिङ कार्यालयले जनाएको छ।

गत अप्रिलमा प्रक्षेपण गरिएको उक्त रकेटले अन्तरिक्षमा चीनको पहिलो स्टेशन बनाउन मदत गर्ने लक्ष्य राखिएको थियो। कार्यालयका अनुसार चाङ झेङ ५बी नामको रकेट पृथ्वीको वायुमण्डलमा यही मे ९ तारिखको बिहान १० बजेर २९ मिनेटमा पुनः प्रवेश गरेको थियो, र उक्त रकेट हिन्द महासागरमा माल्दिभ्स नजीक खसेको थियो।

पृथ्वीको वायुमण्डलमा प्रवेश गर्ना साथ उक्त रकेटको अधिकांश भाग आगो लागेर ध्वस्त भइसकेको थियो, कार्यालयको विज्ञप्तिमा उल्लेख छ।

गत बुधवार अमेरिकी रक्षा मन्त्रालयले अनियन्त्रित भएको चिनियाँ रकेटको आफूहरूले ट्र्याकिङ गरिरहेको जनाएको थियो। मन्त्रालयले यही साता उक्त रकेटका अवशेष पृथ्वीमा खस्ने बताएको थियो।

विज्ञहरूले चासो देखाए पनि चीनले अनियन्त्रित रकेटबाट पृथ्वीमा कुनै असर नपर्ने शुक्रवार दाबी गरेको थियो। रासस

## गिनीको सुन खानीमा खसेको पहिरोका कारण १५ जनाको मृत्यु

कोनाक्री, २६ वैशाख/सिन्ह्वा

पश्चिम अफ्रिकी मुलुक गिनीको उत्तरपूर्वी सिगुइरी क्षेत्रको एउटा सुन खानीमा पहिरो खस्दा कम्तीमा १५ जनाको मृत्यु भएको छ।

रेडक्रसका स्थानीय अधिकारीहरूले खानीभित्र अरू मानिस पनि पुरिएको हुन सक्ने बताएका छन्।

पहाडको माथिल्लो भागबाट शुरू भएको पहिरो खानीमाथि खसेको थियो। पहिरोका कारण खानीभित्र कार्यरत मजदूरहरू थुनिएका वा माथिबाट ढुङ्गा लागेको हो भन्न यकीन हुन नसकेको अधिकारीहरूको भनाइ छ। रासस

## तरकारी खेतीबाट आयआर्जन गर्दै कृषक

राजविराज, २६ वैशाख/रासस

सप्तरीको दक्षिण पश्चिमी भेगमा हरियो सागसब्जी यतिखेर स्थानीयस्तरमा उत्पादन गरी कृषक आयआर्जन गर्न व्यस्त देखिएका छन्। दोस्रो चरणको कोरोना भाइरसको लहरमा पनि सबैतिर बन्द रहेका बेला सप्तरीको छिन्नमस्ता गाउँपालिकाका कृषकले उत्पादन गरेको हरियो सागसब्जीले उपभोक्तालाई सहज बनाएको छ।

राजविराजसहित स्थानीयवासीले भोग्दै आएको कोरोना महामारीका कारण समस्यालाई दृष्टिगत गरी जिल्लाको दक्षिण भेगका करीब ३२ कृषकले छुट्टाछुट्टै ठाउँमा उत्पादन गरेको तरकारी गाउँगाउँ तथा शहरबजारसम्म पुऱ्याएर बिक्री वितरण गरिरहेको कृषि प्राविधिक रामकुमार साहले जानकारी दिए।

सेभ द चिल्ड्रेन तथा सेभ द सप्तरीको सहयोगमा सञ्चालित समुन्ती कार्यक्रम जीविकोपार्जन कार्यक्रम अन्तर्गत जिल्लाको दक्षिणी भेगको छिन्नमस्ता गाउँपालिकाका दुईवटा वडामा अति विपन्न परिवारका कृषक तथा महिला सदस्यले कृषक समूहमार्फत गरेको तरकारी खेतीले स्थानीयस्तरमा हरियो सागसब्जी आपूर्ति व्यवस्था सहज बनाएको कृषि प्राविधिक साहको भनाइ छ।

उनले जानकारी दिए अनुसार कोरोना भाइरसका कारणको सन्त्रास भएपनि सामाजिक दूरी कायम गरी स्थानीयस्तरमा तरकारी अभाव हुन नदिन उनीहरूले तरकारी उत्पादनमा जोड दिएर बजारसम्म पठाएर बिक्री वितरण गरिरहेका छन्।

करीब १७ वटा कृषक समूहले तीन बिघा जग्गामा विभिन्न प्रकारका सागसब्जी लगाएका छन्। डिहवारबाबा कृषक समूहले तरकारी उत्पादन गर्न सेभ द सप्तरीले जग्गा भाडामा लिई कृषकलाई निशुल्क बीउबिजनसमेत सहयोग गरेको छ।

साथै उनीहरूलाई बीउबिजन, मलखाद, कीटनाशक औषधिलगायत आवश्यक कृषि औजार तथा सिंचाइका लागि पम्प सेट, बोरिङका लागि यस परियोजनाले सहयोगसमेत गर्दै आएको जनाइएको छ।

## निषेधाज्ञामा............

गरिएपछि झनै तीव्ररूपमा बढेको बताइएको छ।

गत बुधवार बिहानदेखि जारी गरिएको निषेधाज्ञाको अवधिमा शनिवारसम्मको अवधिमा ३८६ नयाँ सङ्क्रमित थपिएको स्वास्थ्य कार्यालय महोत्तरीले जनाएको छ। वैशाख २१ गतेसम्म यसपालि सङ्क्रमित २५४ पुष्टि भएका थिए। जिल्ला प्रशासन कार्यालय, महोत्तरीले निषेधाज्ञा जारी गरेको यही वैशाख २२ गतेयता शनिवारसम्म ३८६ नयाँ सङ्क्रमित थपिएर ६३६ पुगेको कार्यालयका कोभिड-१९ व्यवस्थापन स्रोत व्यक्ति प्रतिभा सिंहले जानकारी दिइन्। तीमध्ये जलेश्वर अस्पताल, प्रादेशिक अस्पताल जनकपुरमा परीक्षण गरिएका ९७ र बर्दिवास अस्पतालमा परीक्षण गरिएका ५१ जनामा शनिवार सङ्क्रमण पुष्टि भएको छ।

जिल्लामा यसपालि सङ्क्रमणले ११ जनाको ज्यान लिइसकेको छ। चार जनाको निषेधाज्ञा अवधिभित्र निधन भएको जनस्वास्थ्य निरीक्षकसमेत रहेकी सिंहले बताइन्। जिल्लामा गत वर्ष २०७७ वैशाखदेखि कात्तिकसम्म सङ्क्रमणले १८ जनाको ज्यान लिएको थियो। गत वर्ष सङ्क्रमित सङ्ख्या दुई हजार १४१ थियो। तीमध्ये सक्रिय सङ्क्रमित ९०० रहेको कार्यालयको अभिलेखले देखाएको छ। गत वर्षको सङ्क्रमणभन्दा यसपालिको निकै बढी सक्रिय रहेको स्वास्थ्यकर्मी बताउँछन्। यसपालि सङ्क्रमण हुनासाथ बिरामी तत्काल आलसतालस हुने र चाँडै फैलने प्रकृतिको रहेको कार्यालयकै वरिष्ठ जनस्वास्थ्य निरीक्षक गिरेन्द्रकुमार झा बताउँछन्।

सङ्क्रमण यसरी फैलनुमा स्वास्थ्य सचेतनाको कमी र लापरवाही मुख्य कारण रहेको स्वास्थ्यकर्मीहरूले बताएका छन्। जिल्लामा निषेधाज्ञा जारी गरिए पनि भारतसँग रहेको लामो खुला सीमाले आवतजावत पूर्ण नियन्त्रण हुन नसक्नु, ग्रामीण बस्तीका हाटबजार पूर्ववत् लाग्नु र स्वास्थ्य मापदण्ड पालन नगरी हिंडडुल भइरहनु मुख्य कारण रहेको वरिष्ठ जनस्वास्थ्य निरीक्षक झाले दुःखेसो पोखेका छन्।

यसैबीच जिल्लाका राजनीतिक दलहरूले निषेधाज्ञा प्रभावकारी बनाउन जोड प्रशासनलाई दिएका छन्। अहिले वैशाखभरिका लागि जारी निषेधाज्ञा अझ प्रभावकारी बनाउन सुरक्षा निकायको सघन परिचालन र अवधि थप गर्नेबारे तत्काल तथ्यपूर्ण आधार ल्याएर छलफल आवश्यक रहेको नेपाली काङ्ग्रेस महोत्तरीका सूचना संयोजक बजरङ्ग नेपालीको राय छ। सबैभन्दा मुख्य कुरा सीमा क्षेत्रमा भइरहेको आवतजावत रोक्न कडाइ गर्न दलका प्रतिनिधिले जोड दिएका छन्।

### फरक समाचार

## घरमैं यसरी बनाऔं डिटक्स वाटर

हाम्रो दैनिकी, खानपानको कारण शरीरमा टक्सिन्स जम्मा हुन्छ र रोग लाग्न थाल्छ। त्यसैले समय-समयमा डिटक्सिफिकेशन गर्नुपर्छ। यसको थुप्रै तरीका छ तर सबैभन्दा सजिलो तरीका हो वाटर डिटक्स। विज्ञको सुझाव अनुसार यदि तपाईंले घरमैं डिटक्स वाटर बनाउँदै हुनुहुन्छ भने तयार गरेको ३-४ घण्टाभित्र त्यसको सेवन गर्नुपर्छ।



फूड ब्लगर मुद्रा केसवानीले भनिन्, मलाई हालै कोरोना भएको थियो जसमा मैले इम्युनिटी बढाउन तुलसी र बेसिलको पानी प्रयोग गरे। यसबाट इम्युन सिस्टम बलियो भयो। डिटक्स वाटर कोठाको तापक्रम अनुसार भएमा त्यसले चाँडै असर गर्छ। साथै शरीरलाई हाइड्रेट र डिटक्स राख्नुपर्छ। यसको अलावा नरियल पानीमा फलफूल मिसाएर पनि सेवन गर्न सकिन्छ।

**पानी, बेसार र पालुङ्गोको डिटक्स वाटर**: पालुङ्गो एउटा राम्रो डिटक्सिफाइङ एजेन्ट हो। पालुङ्गोलाई बेसारसँग पिसेर लेप बनाउने। एक दिनमा एक कप वा दुई कप सेवन गर्न सकिन्छ। सम्भव भएसम्म पालुङ्गोको साग हरेक दिन खानामा सामेल गर्नुपर्छ। बेसारमा एन्टिसेप्टिक हुन्छ, पालुङ्गोले इम्युनिटी बढाउँछ।

आँपको पाचकले कोलेस्ट्रोललाई कम गर्छ र इन्सुलिनमा सुधार गर्छ। तुलसीको पातमा एन्टिआक्सिडेन्ट हुन्छ जसले धेरै रोगबाट जोगाउँछ। ३-४ वटा ल्वाङ, सुकमेल, दालचिनी, अदुवा, मरिच पिसेर चिया बनाउने त्यसलाई सेलाउन दिई कोठाको तापक्रम अनुसार बनाउने र मह तथा कागती राखेर सेवन गर्न पनि सकिन्छ। डाइटिशियन निधि पाण्डेयका अनुसार पेयमा मसालासँगै मह र कागती राखिन्छ, त्यसबाट मसालाको गर्म प्रभाव सन्तुलित हुन्छ। शक्खर र इमलीले शरीरमा भिटामिन, मिनरल्स र एन्टिआक्सिडेन्ट पुऱ्याउँछ। शलगमबाट इम्युनिटी बढ्छ, कफमा आराम पुऱ्याउँछ।

## स्वस्थ फोक्सोको लागि ५ वटा सरल आसन

लकडाउनमा घरमैं बस्न बाध्य व्यक्तिहरूले आफ्नो श्वसन प्रणाली र फोक्सो स्वस्थ बनाउन केही योग गर्न सक्छन्। यी आसनले शरीरमा आक्सिजनको स्तर बनाइराख्न मदत पुऱ्याउँछ।

**१) ताडासन**: जब तपाईं खुट्टाको पञ्जामा उभिनुहुन्छ र हातलाई टाउको माथि सीधा पुऱ्याउनुहुन्छ, यसले रेस्पिरेटरी सिस्टममा अक्सिजनको लागि बढी स्थान बनाउँछ। यसबाट फोक्सोको क्षमता पनि बढ्छ।




**२) बलासन**: भुइँमा बसेर हातले जमीनमा टेकौं। यसबाट ब्रिदिङ पैटर्न नियमित हुन्छ। फोक्सोमा अक्सिजन बढ्छ र रगतमा पनि अक्सिजन पुग्छ।


**३) मत्स्यासन**: यसमा पलेटी










कसेर जमीनमा बसी टाउकोलाई पछाडितर्फ र जमीनमा टिकाउनुपर्छ। मेरुदण्डको हाड जमीनभन्दा माथि उठेको हुनुपर्छ। छाती माथितर्फ उठेको हुनुपर्छ, फोक्सोमा अक्सिजनको लागि बढी ठाउँ बन्छ।

**४) त्रिकोणासन**: सीधा उभिने, गहिरो सास लिने। बिस्तारै-बिस्तारै सास छोड्दै एउटा हात तल लैजाने र अर्को हात आकाशतर्फ। यसबाट पेटको बाहिरी मसलको कसरत हुन्छ। श्वसन प्रक्रिया राम्रो हुन्छ।

**५) वृक्षासन**: यस आसनमा एउटा खुट्टामा उभिएर दुवै हातलाई माथितर्फ जोड्दै उल्टो भी बनाउने। यस स्थितिमा गहिरो सास लिनुपर्छ र सामान्य स्थितिमा फर्किने समय सास छाड्नुपर्छ। – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)



रक्सौल–वीरगंज प्रवेशद्वारबाट अहिले मानिसहरूको आवतजावत पातलिएको छ। कोभिड सङ्कट व्यवस्थापन केन्द्र पर्साले मुख्य प्रवेशद्वारबाट आवतजावत गर्न पाउने र यसरी भारतबाट नेपाल प्रवेश गर्नेहरूले ठाकुर राम बहुमुखी क्याम्पसको क्वारेन्टाइनमा १० दिन बस्नुपर्ने नियम बनाएपछि अहिले रक्सौलबाट वीरगंज मुख्य प्रवेशद्वारबाट मानिसहरूको आवागमन एकदमै घटेको छ। योसँगै युनिसेफले महानगरसँगको सहकार्यमा सीमा आवतजावत गर्नेहरूको लागि हात धुने व्यवस्था गरेको र साबुन–पानीको प्रयोग पनि हुन छाडेको छ। शङ्कराचार्यद्वारमा जडान गरिएको हातधुने ठाउँ प्रयोगविहीन अवस्थामा। तस्वीरः नितेश कर्ण

# हुलाकी सडक : सिरहा खण्डमा कालोपत्र शुरू

लहान, २६ वैशाख/रासस

नेपालकै पहिलो राजमार्गका रूपमा रहेको हुलाकी सडक अन्तर्गत सिरहा खण्डमा कालोपत्र शुरू गरिएको छ। पूर्वमा बलान नदीदेखि पश्चिममा सदरमुकाम सिरहा बजारसम्म करीब २९ किलोमिटरको उक्त सडकमा कालोपत्र शुरू भएपछि स्थानीयवासी उत्साहित बनेका छन्।

सिरहा नगरपालिका–१९ देखि औरही गाउँपालिका–४ लवटोलियासम्मको करीब पाँच किलोमिटर सडक कालोपत्र सकिएको सडक निर्माणको ठेक्का लिएको स्वच्छन्द, रोशन, महादेव खिम्ती जेभी कम्पनीका कन्ट्याक्ट म्यानेजर शशिकुमार यादवले जानकारी दिए। अन्य सडकखण्डमा समेत तीव्ररूपमा कालोपत्र भइरहेको जनाइएको छ।

दुई लेनको उक्त सडक कालोपत्र गर्न रु एक अर्ब २० करोड २० लाखमा सम्झौता भएको ठेक्का कम्पनीका इन्जिनीयर चन्द्र यादवले जानकारी दिए। तीन वर्षभित्र काम सकिने गरी सम्झौता भएको र निर्धारित समयभित्रै सकिने गरी काम भइरहेको कम्पनीका म्यानेजर यादवले बताए।

मधेसकै लाइफलाइनका रूपमा मानिएको हुलाकी सडक निर्माणको काम आरम्भ भएपछि सो भेगका सर्वसाधारण खुशी भएका छन्। हुलाकी सडक निर्माण भएपछि मधेसको विकासले गति लिनाका साथै हजारौं युवाले रोजगारको विभिन्न अवसर पाउने स्थानीयवासीको विश्वास छ।

हुलाकी सडक जीर्ण हुँदा सर्वसाधारणले सास्ती बेहोर्दै आएका थिए। सडक निर्माण भएपछि सहजरूपमा सदरमुकाम पुग्न सकिने स्थानीयवासीको भनाइ छ। यस्तै पूर्व राजविराजदेखि पश्चिम बलानसम्मको सप्तरी खण्डमा करीब १८ किलोमिटर सडक कालोपत्र गरिसकिएको निर्माण कम्पनि रौता श्रेष्ठ दिवा जेभीका कन्ट्याक्ट म्यानेजर कमलप्रसाद यादवले जानकारी दिए। बाँकी सडकमा समेत कालोपत्र गर्न सकिनेगरी काम सकिसकेको र धमाधम कार्य भइरहेको कन्ट्याक्ट म्यानेजर यादवले बताए।

करीब २५ किलोमिटरको सो खण्डमा अहिले ११ वटा पुलको निर्माण कार्य अन्तिम चरणमा पुगेको उनको भनाइ छ।

डिभिएम सात मिटर र दुवै छेउको सोल्जर दुई/दुई मिटर गरी ११ मिटरको सडक निर्माण भइरहेको छ। विसं २०७७ असार मसान्तभित्र सडकको सबै काम सम्पन्न गर्ने लक्ष्य भए पनि सडक निर्माणका क्रममा विभिन्न स्थानका बासिन्दाले जग्गा विवादलाई लिएर अदालतमा मुद्दा हालेको र समयमा पुलहरू निर्माण नहुँदा काम अपेक्षाकृत अघि बढाउन नसकिरहेको कन्ट्याक्ट म्यानेजर यादवको कथन छ।

# प्रादेशिक अस्पताल जनकपुरमा जनशक्ति थपियो

धनुषा, २६ वैशाख/रासस

कोरोना महामारीको दोस्रो लहरमा सङ्क्रमितको सङ्ख्या बढेपछि उपचार सहज बनाउन प्रदेश नं २ सरकारले प्रदेशका अस्पतालमा जनशक्ति थप गरेको छ। प्रादेशिक अस्पताल जनकपुरधाम, नारायणी अस्पताल वीरगंज, गजेन्द्र नारायण सिंह अस्पताल राजविराजसहित अन्य अस्पतालमा जनशक्ति थप गर्ने निर्णय गरिएको सामाजिक विकास मन्त्रालयले जनाएको छ।

मन्त्रालयले जनाए अनुसार छ महीनाका लागि जनशक्ति नियुक्त गर्न अस्पताललाई अधिकार दिइएको छ। यसै सन्दर्भमा प्रादेशिक अस्पताल जनकपुरधाममा १२८ जनशक्ति थप गरिएको हो। तीमध्ये आइसियु सञ्चालन गर्न ६८ थप गरिएको सामाजिक विकास मन्त्रालयले जनाएको छ।

त्यसैगरी नारायणी अस्पताल वीरगंजमा कोरोनाको सघन उपचारका लागि प्रदेश सरकारले १९ र सप्तरीको राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा आठ जनशक्ति थप गरेको छ। सप्तरीको भारदह अस्पताल, पर्साको पोखरिया अस्पताल, सिरहा, जलेश्वर, मलङ्गवा, गौर, कलैया र लहान अस्पतालमा पनि कोरोनाको सघन उपचारका लागि थप जनशक्ति उपलब्ध गराइएको मन्त्रालयले जनाएको छ।

प्रदेश नं २ सरकारले प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला जनकपुरधामका लागि ३३ जनशक्ति उपलब्ध गराएको छ। नवौं तहको माइक्रोबायोलोजिस्ट तीन, सातौं तहको मेडिकल टेक्नोलोजिस्ट नौ, सहायक पाँचौं तहको ल्याबटेक्निसियन चार, सहायक चौथो तहको ल्याब असिस्टेन्ट तीन, कम्प्युटर अपरेटर तीन, सवारी चालक दुई, सुरक्षा गार्ड तीन, कार्यालय सहयोगी तीन र स्वीपर तीन जना उपलब्ध गराइएको मन्त्रालयले जनाएको छ।

# आक्सिजनको अभावमा बिरामी मर्न दिन्नौ –रौतहट प्रहरी प्रमुख

प्रस, गरुडा, २६ वैशाख/

रौतहटमा आक्सिजनको अभावमा कोभिडका बिरामीलाई मर्न नदिने प्रतिबद्धता जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुख प्रहरी उपरीक्षक सिद्धिविक्रम शाहले जनाएका छन्। शनिवार राति जिल्ला अस्पताल गौरमा उपचाररत १६ जना सङ्क्रमितलाई आक्सिजनको आवश्यकता पर्नासाथ १३८ थान आक्सिजनसहितको सिलिन्डर प्रहरीले पुर्‍याएको बताउँदै जिल्लाका सबै कोभिड बिरामीलाई आक्सिजन पुर्‍याउने जिम्मा नेपाल प्रहरीले लिएको बताएका छन्।

आक्सिजनको सिलिन्डर खाली भएपछि त्यसमा आक्सिजन भराउने जिम्मा पनि आफूहरूले लिएको प्रउ शाहको दाबी छ। प्रउ शाह भन्छन्– रौतहटमा आक्सिजनको कमीको कारणले बिरामी मर्दैन।

आक्सिजनको पूरै जिम्मा प्रहरीले लिएको बताउँदै प्रउ शाहले अन्य कारणले बिरामी मर्न सक्लान् तर आक्सिजनको कमीको कारणले रौतहटमा बिरामी मर्न नदिने जिम्मा नेपाल प्रहरीले लिएको छ। नेपाल प्रहरीले रौतहटका कोभिड बिरामीको लागि आक्सिजनको जोहो जसरी पनि गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

जिल्लामा करीब दुई सय कोरोना सङ्क्रमित रहेका भएपनि १६ जनाले अस्पतालमा उपचार गराइरहेका र बाँकी सबै होम आइसोलेशनमा रहेको जानकारी गराउँदै प्रउ शाहले अन्यत्र आक्सिजनको जेजस्तो हाहाकार भएपनि रौतहटमा आक्सिजनको कमी हुन नदिने जिम्मा नेपाल प्रहरीले लिएको स्पष्ट पारेका छन्।

कोभिड महामारीको समयमा प्रहरीले आक्सिजन आपूर्तिमा देखाएको सक्रियताप्रति सबै क्षेत्रबाट प्रशंसा गरिएको छ।

# पत्रकार सहायता कोष स्थापना

प्रस, गरुडा, २६ वैशाख/

नेपाल पत्रकार महासङ्घ रौतहट शाखाले पत्रकार सहायता कोष स्थापना गर्ने निर्णय गरेको छ। आइतवार शाखा कार्यालय गौरमा बसेको बैठकले जिल्ला सदस्य तथा अन्य क्रियाशील पत्रकारहरूका लागि पत्रकार सहायता कोष स्थापना गर्ने निर्णय गरिएको शाखा सचिव मदन ठाकुरले जानकारी गराएका छन्।

कोषमा विभिन्न स्रोतबाट रकम सङ्ग्रह गरिने बताउँदै सचिव ठाकुरले माछापुच्छ्रे बैंकको गौरस्थित शाखामा खाता पनि खोलिएको जानकारी गराएका छन्। शाखाको निर्णय सार्वजनिक हुनासाथ कोषमा चन्द्रनिगाहपुरका समाजसेवी देवेन्द्र अर्यालले पच्चीस हजार रुपियाँ सहयोग गर्ने घोषणा गरेका छन्।

# विद्युत् अनियमित हुँदा दुई दिनदेखि पिसिआर मेशिन बन्द

सर्लाही, २६ वैशाख/रासस

सर्लाही अस्पताल मलङ्गवामा जडान गरिएको पिसिआर मेशिन विद्युत् अनियमित हुँदा दुई दिनदेखि बन्द रहेको छ।

जिल्लामा विद्युत् अनियमित हुँदा पिसिआर मेशिन बन्द भएको हो। ल्याबमा बुधवार राति ९४ जनाको थ्रोट स्वाब जाँच गर्दा ४७ जनाको पोजिटिभ रिपोर्ट आएको थियो। त्यसपछि बिहीवार, शुक्रवार र शनिवार दिनभर छिनछिनमैं बत्ती गइरहने समस्याले मेशिन चलाउनै नसकिएको जिल्ला अस्पताल सर्लाहीका जनस्वास्थ्य निरीक्षक श्रीप्रसाद साहले बताए।

उनले मेशिन सञ्चालन नभए पनि शुक्रवार ३० जनाको थ्रोट स्वाब सङ्कलन भएको बताए। बुधवार, बिहीवार र शुक्रवारको केही स्वाबको रिपोर्ट आउन बाँकी रहेको थियो भने शनिवारको स्वाब सबैको रिपोर्ट आउन बाँकी रहेको अस्पतालले जनाएको छ। यता शनिवार सार्वजनिक बिदा परेकोले आज मात्रै रिपोर्ट आउन सक्ने जनस्वास्थ्य निरीक्षक साहले बताए।

अस्पतालमा जेनेरेटर र अन्य वैकल्पिक ऊर्जाको व्यवस्था नहुँदा ल्याबमा खटेएका कर्मचारी समस्यामा परेका छन्। जिल्ला अस्पतालमा वैशाख १७ गतेदेखि ल्याब सञ्चालन भएयता शनिवारसम्म ३९० जनाको स्वाब सङ्कलन भएको छ। सर्लाहीमा शुक्रवार बिहानसम्म जिल्लामा कोरोना सङ्क्रमितको सङ्ख्या २४३ पुगेको स्वास्थ्य कार्यालय सर्लाहीका बलिराम यादवले जानकारी दिए भने चारजनाको कोरोना सङ्क्रमणबाट ज्यान गइसकेको यादवले बताए।

शुक्रवार र शनिवार सङ्कलित सबै स्वाबको रिपोर्ट आज आउने जिल्ला जनस्वास्थ्य कार्यालय, सर्लाहीले जनाएको छ। पिसिआर मेशिन चलाउन ९४ देखि ९६ जनाको थ्रोट स्वाब जम्मा हुनुपर्छ।




# छिमेकीलाई जिउँदै जलाएर हत्या गरेको आरोपमा साह पक्राउ

प्रस, सर्लाही, २६ वैशाख/

छिमेकीलाई जिउँदै जलाएर हत्या गरी फरार भएका एकजनालाई सर्लाही प्रहरीले पक्राउ गरेको छ।

सर्लाहीको ईश्वरपुर नगरपालिका–१२ घारीबथानमा वैशाख २० गते एकजना पुरुषलाई पेट्रोल छर्की जिउँदै जलाएर हत्या गरी फरार भएका सोही ठाउँ निवासी ३५ वर्षीय शिवजी साहलाई प्रहरीले पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ।

साहलाई मलङ्गवा नगरपालिका–५ भाडसरस्थित नेपाल–भारत सीमावर्ती क्षेत्रबाट पक्राउ गरिएको इलाका प्रहरी कार्यालय केशरगंज सर्लाहीबाट प्रहरी निरीक्षक जनकराज ढुङ्गानाले पक्राउ गरेका थिए।

वैशाख २० गते ५८ वर्षीय सियाशरण रायलाई घरअगाडि रहेको आँपको बगैंचामा बसिरहेको अवस्थामा साहले पुरानो रिस साँध्न पेट्रोल छर्की आगो लगाइ घाइते बनाएका थिए। गम्भीर घाइते रायको काठमाडौंमा उपचारको क्रममा वैशाख २१ गते मृत्यु भएको जिप्रका सर्लाहीका प्रवक्ता प्रनाउ मदन कुँवरले जानकारी दिए।

पक्राउ परेका साहमाथि कर्तव्य ज्यानसम्बन्धी मुद्दामा म्याद थप गरी अनुसन्धान अगाडि बढाएको प्रनाउ कुँवरले बताए।

# निषेधाज्ञा अवज्ञा गर्ने सवारी साधन नियन्त्रण

प्रस, सर्लाही, २६ वैशाख/

जिल्ला प्रहरी कार्यालय सर्लाहीले निषेधाज्ञा अवज्ञा गर्ने १९७ सवारीसाधनलाई नियन्त्रणमा लिएको छ।

निषेधाज्ञा अवज्ञा गरेको भन्दै बस, म्याजिक, कार, टेम्पो, ट्याक्टर र मोटरसाइकल गरी १९७ सवारीसाधन नियन्त्रणमा लिएको जिप्रका सर्लाहीले जनाएको छ।

कोभिड–१९ सङ्कट व्यवस्थापन केन्द्रको २४ गते बसेको बैठकको निर्णय अनुसार शनिवार राति १२:०० बजेदेखि ३१ गते राति १२:०० बजे सम्म सर्लाहीमा निषेधाज्ञा जारी गरिएको छ।

आइतवार १० बजेसम्म जिल्ला प्रहरी कार्यालय तथा मातहतमा रहेको अन्य कार्यालयसमेतमा चेकजाँच गर्ने क्रममा निषेधाज्ञा उल्लङ्घन गरी चलाउने बस, म्याजिक, कार, टेम्पो एक/एक वटा तथा ट्याक्टर ३ वटा र मोटरसाइकल १९० वटा प्रहरीले नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ।

यसैबीच, सर्लाहीको ग्रामीण क्षेत्रमा कोरोना भाइरससँग मिल्दोजुल्दो लक्षण भएका बिरामीको सङ्ख्या एक्कासि बढेको छ।

बिरामीमा उच्च ज्वरो आउने, घाँटी दुख्ने, रुघाखोकी लाग्ने, जीउ ढाड दुख्ने, टाउको दुख्ने र छाती दुख्ने जस्तो कोरोना भाइरससँग मिल्दोजुल्दो लक्षण देखिएको स्वास्थ्यकर्मीले बताएका छन्।



तस्वीरको यो दृश्य बहुदरमाई नगरपालिका–६ गम्हरियाको हो। नगरदाहादेखि गम्हरियासम्म सडक कालोपत्र र दुवैतर्फ पक्की नाला निर्माणको लागि अङ्कित कन्स्ट्रक्शनले दुई वर्ष अगाडि ठेक्का लिएको हो। रु ३ करोड ४८ लाखमा ठेक्का लिएको यो सडकखण्डमा अहिले ५ सय मिटरभन्दा बढी सडक कालोपत्र हुन सकेको छैन। अहिले सडक निर्माणको काम स्थगित छ र पानी परेपछि मानिसहरूको आवतजावत बन्द हुने गरी सडक हिलाम्य हुने गरेको छ। तस्वीरः सौजन्य